कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल

प.सं. : ०८१/८२
च.नं. :

फोनः ९८५११८५०१६
Email: info@kalikamunrasuwa.gov.n
Website: kalikamunrasuwa.gov.np


मितिः२०८२/०३/३२

विषयः- <u>सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धी सार्वजनिक सूचनामा</u>।

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) को उपनियम (१) को नियम ८ बमोजिम आर्थिक वर्ष शुरु भएको भाद्र मसान्तभित्र सम्बन्धित वडा कार्यालय मार्फत आवश्यक प्रकृया अपनाई अनिवार्य सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेकोले आ.व. २०८१/०८२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आ.व. २०८२/०८३ मा समेत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि आवश्यक कागजातसहित आफ्नो सामाजिक सुरक्षा भत्ताको परिचयपत्र मिति २०८२ भाद्र मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा उपस्थित भई नविकरण गर्नु/गराउनुहुन र नविकरण भएपश्चात अनिवार्य रुपमा नविकरण भएकोको निस्सा समेत लिनुहुन सरोकारवालाहरु सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै बालबालिका, अपाङ्गता भएका व्यक्ति र ९० वर्ष माथिका स्वयं उपस्थित हुन नसक्ने लाभग्राहीहरुको हकमा आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले लाभग्राहीहरुको तर्फबाट निवेदन दिन सक्नेछन।

**<u>नविकरणको लागि आवश्यक कागजातहरु :-</u>**

- लाभग्राहीको पासपोर्ट साइजको फोटो १ प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपी-१ प्रति र बालबालिकाको हकमा जन्म दर्ताको प्रमाण पत्र-१ प्रति, सामाजिक सुरक्षा भत्ताको परिचय पत्रको प्रतिलिपी-१ प्रति र संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी-१ प्रति।
- राष्ट्रिय परिचयपत्र अथवा राष्ट्रिय परिचय पत्र नं. अनिवार्य
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रतिलिपी थान १, नारिकता प्रमाणपत्रको प्रतिलिपी-१ प्रति र अर्को विवाह नगरेको सम्बन्धित वडाको सिफारिस पत्र।
- अपांगता भएका व्यक्तिहरुको हकमा गाउँपालिकाबाट जारी भएको अपांगता परिचय पत्रको प्रतिलिपी-१ प्रति।
- लाभग्राहीको सम्पर्क नं.

**नोटः** तोकिएको समय भित्र सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नविकरण नगर्ने लाभग्राहीको नाम System बाट स्वतः हट्ने र भत्ता प्राप्त गर्नको लागि पुन: निवेदन दिइ नयाँ दर्ता प्रकृयामा जाने हुँदा निर्धारित समयमै सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनु हुन अनुरोध गरिन्छ।

२०८२।०४।०१

.............................
गोपी पराजुली
नि. प्रमुख प्रशासकीय अधिकृत